# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

**Office of Municipal Executive**

**Bhratpur, Chitwan, Nepal**

प.सं.
च.नं. ५०६१

मितिः २०७५/१२/१४

विषय: जानकारी सम्बन्धमा ।

श्री वडा अध्यक्षज्यूहरु,
सबै वडा कार्यालयहरु (१देखि २९),
भरतपुर, चितवन ।

उपरोक्त सम्बन्धमा अन्तर सरकारी वित्तिय हस्तान्तरण स्थानिय तहको आ.व. २०७५/०७६ को राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा (३०८११८) सशर्त अनुदान कार्यक्रम अन्तर्गत वायोग्यास जडानको लागि रु १२ लाख बजेट विनियोजन भई आएको हुनाले वायोग्यास निर्माणको लागि तहाँ वडा कार्यालय अन्तर्गतका टोल सुधार समितिबाट माग संकलन गरी पत्र प्राप्त भएको मितिले ७ दिन भित्र माग संकलन विवरण पठाईदिनु हुन अनुरोध गरिन्छ। साथै स्थानिय तहका लागि नवीकरणीय/वैकल्पिक उर्जा कार्यक्रमहरु कार्यन्वयनका लागि मार्गदर्शन यसै साथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

२०७५/१२/१४

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
वातावरण तथा विपद व्यवस्थापन शाखा

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७५/७६
च.नं: २३५
मितिः२०७५।११।०८

श्री स्थानीय तहहरु, (सबै)

विषयः मार्गदर्शन पठाईएको सम्वन्धमा ।

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको च.न.८४०,मिति २०७५\११\०२ को पत्रानुसार प्राप्त "स्थानीय तहका लागी नवीकरणीय \ वैकल्पिक उर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यन्वयनका लागि मार्गदर्शन" यसै साथ संलग्न गरि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

**वोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा - प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरिदिनुहुन ।

सीता दुवाडी
शाखा अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: ९६६०९
दर्ता मितिः २०७५।१२।१४

प.सं. ७५/७६
च.नं. ८४०

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

☎ ९७७-१-४२११५१६
९७७-१-४२११९८६
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौं

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- ९२७८
मिति:- ११।६
समय:-

मिति:२०७५।११।०४

विषय: स्थानीय तहमा नवीकरणीय/वैकल्पिक ऊर्जा कार्यक्रमहरु कार्यान्वयनका लागि स्वीकृत मार्गदर्शन स्थानीय तहमा उपलब्ध गराइदिने सम्बन्धमा।

[illegible]
दर्ता नं.:- १८३८५
मिति:- ०७५।११।११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

आधुनिक ऊर्जाको पहुँच बृद्धि र विस्तारका लागि विभिन्न नवीकरणीय ऊर्जाका प्रविधिहरुमा नवीकरणीय ऊर्जा अनुदान नीति र परिचालन कार्यविधि, २०७३ अनुरुप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत अनुदान प्रदान भई कार्यान्वयन भइरहेको छ। यसै सन्दर्भमा नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले नै वैकल्पिक ऊर्जा क्षेत्रमा नीति, योजना ,कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने अधिकार दिए बमोजिम अर्थ मन्त्रालयबाट चालु आ.व. २०७५।७६ मा स्थानीय तहहरुमा वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि सर्शत अनुदान शिर्षकमा विनियोजित बजेट कार्यान्वयनको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट मस्यौदा भई यस मन्त्रालयमा पेश भएको "स्थानीय तहका लागि नवीकरणीय/वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजित सर्शत अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन" मिति २०७५।१०।२७ को निर्णयानुसार (मा.मन्त्रिस्तरीय) स्वीकृत भएको हुँदा यसै साथ संलग्न उक्त मार्गदर्शन त्यहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा उपलब्ध गराइदिने व्यवस्थाको लागि सोही निर्णयानुसार अनुरोध गर्दछु।

(प्रतिभा मानन्धर)
सि.डि.इ.

**बोधार्थ:**
श्री वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
खुमलटार।

# स्थानीय तह का लागि नवीकरणीय/ वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन

नेपाल सरकार (मन्त्रिपरिषद) बाट नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ र सोहि नीति बमोजिम नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ स्वीकृत भई नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (www.aepc.gov.np) मार्फत कार्यान्वयनमा रहेको छ। नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले वैकल्पिक ऊर्जाको क्षेत्रमा नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने अधिकार दिएको छ। नेपाल सरकार, अर्थ मन्त्रालयबाट आर्थिक वर्ष २०७५।७६ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई नवीकरणीय ऊर्जा (सौर्य ऊर्जा, साना तथा लघु जलविद्युत, जैविक ऊर्जा, बायोग्यास आदि) को कार्यक्रम कार्यान्वयनका लागि विगतमा तयार भई लागू भएका खर्चका मापदण्ड लगायतका कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने भन्ने व्यवस्था गरेको छ । उक्त मार्गदर्शन बमोजिम स्थानीय सरकारहरुलाई विनियोजन गरिएको सशर्त अनुदानको कार्यान्वयन र कार्यक्रम सञ्चालनका लागि स्थानीय तहको छुट्टै नीति र कार्यविधि नबनुन्जेल देहाय बमोजिम कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शन स्वीकृत गरिएको छ।

१ नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ बमोजिमको प्रक्रियालाई अवलम्बन गर्ने ।

२. नवीकरणीय/वैकल्पिक ऊर्जा सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले स्वीकृत गरेका प्राविधिक मापदण्ड (Technical Standards) र मेनुएलस (Manuals) लाई अवलम्बन गर्ने ।

३ नेपाल सरकार बाट अनुदान प्राप्त प्रविधिमा स्थानीय तहले पहिचान गरेका उपभोक्ता, समुदायको लागि उपलब्ध गराउने अनुदानमा संघ, प्रदेश र स्थानीय तहको कुल अनुदानमा कम्तिमा १० प्रतिशत उपभोक्ता वा समुदायको लगानी/योगदान सुनिश्चित गर्ने ।

४. एकल महिला, गरिब, अति विपन्न, दलित तथा लोपोन्मुख समुदायले लगानी जुटाउन नसक्ने अवस्था देखिएमा विशेष लक्षित कार्यक्रम मार्फत पूर्ण अनुदान दिने व्यवस्था कार्यपालिकाको निर्णयबाट मिलाउन सकिने ।

५. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको लागि तोकिएका नवीकरणीय ऊर्जा प्रविधिहरु प्राविधिक हिसावले सम्भाव्य नदेखिएमा कार्यपालिकाको निर्णय अनुसार प्राथमिकतामा परेका नवीकरणीय ऊर्जाका प्रविधि जडान उप शीर्षकमा खर्च गर्न सकिने ।

६. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको प्रशासनिक तथा नीतिगत उपशीर्षकमा विनियोजित रकम नवीकरणीय ऊर्जा योजनाको प्राविधिक सहयोग जस्तै सम्भाव्यता अध्ययन, डिजाइन,

सर्वे, परामर्शसेवा, प्रवर्द्धन आदिको लागि खर्च गर्न सकिने । प्राविधिक सहयोगको थप बजेट आवश्यक परेमा स्थानीय तहले आफ्नो बजेट बाट नपुग रकम थप गरी कार्यान्वयन गर्न सकिने।

७. स्थानीय तहमा नवीकरणीय/वैकल्पिक ऊर्जा सम्वन्धि कार्य गर्ने कम्पनीहरुको सुचिकृत गर्ने प्रक्रिया र मापदण्ड बनाइ कार्यान्वयनमा नआएसम्म वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र द्वारा मान्यता दिएका कम्पनीहरु मार्फत घरायसी, व्यवसायीक, सामुदायिक र संस्थागत प्रणाली एवं प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्री पछिको सेवा लिन सकिने।

८. स्थानीय तहले कार्यान्वयन गरेका नवीकरणीय ऊर्जा प्रविधिका योजनाहरुको विस्तृत विवरण तथा लाभान्वित घरपरिवार सम्वन्धि विस्तृत विवरण केन्द्रिय अभिलेखमा प्रविष्ट गर्नका लागि तोकिएको ढाँचामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पठाउने व्यवस्था गर्ने।

९. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले विभिन्न नवीकरणीय/वैकल्पिक ऊर्जा प्रणाली एवं प्रविधिहरुमा उपलब्ध गराउने अनुदान प्राप्तिका लागि आवश्यक पर्ने सिफारिशहरु स्थानीय तहले समयमानै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने।

१०. स्थानीय तहको सभा बाट स्वीकृत भई कार्यान्वयन हुने नवीकरणीय/वैकल्पिक ऊर्जा संग सम्वन्धित कार्यक्रमहरु यसै मार्गदर्शन अनुसार कार्यान्वयन गर्न सकिने।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

२०७४